# जिल्ला विपद् व्यवस्थापन समितिको २०७८।०३।१७ गतेको बैठकका निर्णयहरु :

निर्णय नं. : १

विपद् जोखिम रोकथाम तथा नियन्त्रण सम्बन्धमा गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण बाट प्राप्त निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. :२

जिल्लामा बाटोको पहुँच भएको ठाउँमा बिपद्को घटना भएको ३० मिनेट भित्र सम्बन्धित स्थानमा उद्दारको लागि पुग्ने गरी तिनवटै सुरक्षा निकाय सम्मिलित Dedicated Disaster Response Team(DDRT) गठन गरी परिचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. :३

जिल्ला विपद व्यवस्थापन कोषबाट यस जिल्लालाई थप आवश्यक पर्ने १ थान मोटर बोट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. :४

कोशी नदीले प्रभाव पार्ने स्थानीय तहहरुले कोशी नदी नियन्त्रण आयोजना, भारत सरकारको स्वामित्वमा उक्त आयोजनाले बाध निर्माण र बाढी नियन्त्रणको काम गरी रहेको हुँदा सो सम्बन्धमा कोशी नदीले यस मनसुनमा पार्न सक्ने प्रभावलाई मध्येनजर गरी आवश्यक समन्वय गरी संघिय सरकार र प्रदेश सरकार अन्तरगतका सिचाई हेर्ने निकायहरुले निरन्तर बाध,स्परहरुको अनुगमन र तत्काल बाढी,डुबान तथा कटान हुने क्षेत्रहरुमा हुने क्षतिलाई कम गर्न सम्बन्धित भारतीय पक्ष संग समन्वय गरेर काम गरी क्षति हुन् नदिने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. : ५

खाडो नदी तथा यस जिल्लाबाट बहने बलान नदी ,खडक नदी , महुलि नदीले पार्ने प्रभावलाई मध्येनजर गर्दै सम्बधित स्थानीय तहहरुले तत्काल डुबान-कटान हुने क्षेत्रहरुमा हुनसक्ने क्षतिलाई कम गर्न निरन्तर बाँध,स्परहरुको अनुगमन र नदि नियन्त्रण आयोजना संग समन्वय गरी आवश्यक तयारी तत्काल शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं. : ६

जिल्ला तहमा बिषयगत क्षेत्रगत रुपमा नेतृत्व गर्ने निकायहरुले र सबै स्थानीय तह हरुले मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कोरोना भाईरस (कोभिड-१९) को जोखिम तथा नियन्त्रणका लागि स्वास्थ्य सावधानी अपनाउँदै विपद पुर्वतयारीका गतिविधि संचालन गर्ने,स्थानीय तहको वडास्तर सम्म नै विपद् व्यवस्थापन समितिलाई कियाशिल गर्ने र आवश्यकता अनुसार स्थानीय तहहरुले विपद फोकल पर्सन,स्वयमसेवक तयार गर्ने निर्णय गरियो ।

निर्णय नं.: ७

मनसुनको समयमा वर्षा तथा विपद् सम्बन्धि पुर्व सूचना समुदायसम्म पुऱ्याउन सकिएमा मानविय क्षती कम गर्न सकिने विषयलाई मध्येनजर गर्दै सबै समुदायसंगको पहुच माध्यम , सञ्चार मिडियाहरु , एफ.एम. रेडियो तथा पत्र-पत्रिकाहरु हुनेहुँदा मनसुन पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धी सुचनाहरु मनसुन अवधिभर जनहितमा प्रकाशन गरिदिनको लागि पत्रकार महासघं ससरी शाखा मार्फत सबै सञ्चार माध्यमहरुलाई अनुरोध गरिएकोमा सो लाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.: ८

सबै स्थानीय तहहरुले विपद प्रभावितलाई आपतकालिन अवस्थामा प्रयोग गरीने राहत/आश्रय स्थलहरु तयारी अवस्थामा राखी कोभिड-१९ को संक्रमणको सन्दर्भमा तयार गरिएको स्वास्थ्य सुरक्षा मापदण्ड अनुसार पुर्व तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं. : ९

सबै स्थानीय तहहरुले सबै वार्डहरुमा आवश्यकतानुसार कम्तिमा न्युनतम उद्दारका निम्न अनुसारका सामग्रीहरु खरिद गरी तत्काल प्रयोग गर्न सक्ने अबस्थामा भण्डारण गर्ने व्यवस्था मिलाउने । स्थानीय तहमा रहेका सबै प्रकारका उद्दार सामाग्री,जनशक्तिको विवरण अद्यावधिक गरी जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र ( DEOC Saptari ) मा जानकारी गराउने निर्णय गरियो ।

तपशिल:

| सि.नं. | विवरण | थान | कैफियत |
|---|---|---|---|
| १ | स्ट्रेचर | १ | |
| २ | बाल्टी | ५ | |
| ३ | डोरी | २०० मिटर | बलियो |
| ४ | सेफ्टी हेल्मेट | ५ | |
| ६ | बन्चरो | २ | |
| ७ | आसी,हसिया | २ | |
| ८ | गैति | २ | |
| ९ | कोदालो,बेल्चा | २/२ | |
| १० | प्राथमिक उपचार सामग्री सेट | १ | |
| ११ | हाते आरी | २ | |
| १२ | लिभर | २ | |
| १३ | घन | २ | |
| १४ | टर्च लाइट तथा हेडलाइट | ४ | |
| १५ | सिठी | केहि | |
| १६ | अन्य सामग्री | - | स्थानगत आवस्यकतानुसार थपघट हुन सक्ने |

निर्णय नं. : १०

बाढी आएको समयमा नदी नालामा माछा मार्ने , पौडी खेल्ने , काठ , दाउरा संकलन गर्ने जस्ता कार्यहरुलाई निषेध गर्न सुरक्षा निकायहरुले स्थानीय तह संग समन्वय गरी प्रचारप्रसार गरी आवश्यक व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. : ११

अत्यावश्यक सामग्री (जस्तै – खानेकुरा,कपडा,औषधी,पानी) हरुको आवश्यक भण्डारण सम्बन्धित उद्योग बाणिज्य संघ ,औषधि व्यवसाही संघ संग समन्वय गरी स्थानीय तहले गर्ने निर्णय गरियो ।

निर्णय नं. : १२

मौषम पुर्बानुमान महाशाखाले यस बर्ष मनसुनमा गत बर्ष भन्दा धेरै पानी पर्ने पुर्बानुमान गरेकोले यस जिल्लाको नदि तथा खोलाहरुमा बाढीले गर्न सक्ने क्षतिबाट नागरिकको जनधनको बढी क्षति हुनसक्ने सम्भावनालाई मध्येनजर गरी राजनीतिक दल, गैरसरकारी संघ सस्था ,नागरिक समाज लाई आपतकालिन अबस्थामा आवश्यक सहयोग र समन्वयको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. : १३

यस अधि जिल्ला विपद व्यवस्थापन समितिले गरेका सम्पूर्ण निर्णयहरु प्रभाकारी रुपमा कार्यन्वयन निर्णय गरियो ।